२०८१/०६/०४

श्री प्रकाशक ज्यू
वीरगंज मेडिया एजेन्सी
(www.birgunjcity.com)
वीरगंज १२, पर्सा।
मो.नं. ९८४५२३३९२३
Email:- birgunjcity1@gmail.com

**विषयः खण्डन सम्बन्धमा।**

वीरगंज ठेगाना भई वीरगंज मेडिया एजेन्सीद्वारा संचालित अनलाईन पोर्टल (www.birgunjcity.com) मा २०८१/०५/२६ गते प्रकाशित 'नेपाल बैङ्कमा खाता हुँदा हुदैँ छोरो काम गर्ने बैङ्कमा ६ दिनभित्र खाता खोल्न शिक्षक कर्मचारीलाई मेयर सिंहको उर्दी जारी' र २०८१/०५/०८ मा *'दरबन्दी मिलानको नाममा ३ सयभन्दा बढी शिक्षकसँग बार्गेनिङ्ग गरी मेयर राजेशमान सिंह, उनकी श्रीमति अन्नपूर्णा मानन्धर र भतिज रुपेशमान श्रेष्ठले विभिन्न माध्यमबाट शिक्षकहरूबाट घूस लिएको'* भन्दै कपोकल्पित, अत्यन्त अपमान जनक र आपत्तिजनक शब्दहरु प्रयोग गरी विना कारण र प्रमाण पूर्वाग्रह राखी तथ्यहिन मनगढन्ते सामग्रीलाई समाचार भनी प्रकाशित गरी पत्रकारितालाई बार्गेनिङको माध्यम बनाउन खोजेको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। समाचार तथा समाचारजन्य सामग्री बनाउदा पालना गर्नु पर्ने पत्रकारिताको न्युनतम र आधारभुत मूल्य मान्यता, सिद्धान्त र आचारसंहिता समेतको पालना नगरि वदनियत र पूर्वाग्रह राखि झुट्टा लान्छना, गालि वेइज्जतिपूर्ण भाषाको प्रयोग एवं प्रतिष्ठामा आँच पुर्याउने कुत्सीत मनसाय राखी विरोधीहरुबाट परिचालीत भई कपोकल्पित र मनगढन्ते सामग्रीलाई चरित्र हत्या गर्ने उद्देश्यले प्रकाशित गरेको प्रति घोर आपत्ति प्रकट गर्दछौँ।

वीरगंज महानगरपालिकाले मिति २०७३/०५/११ मा बैंक काउण्टर सञ्चालनको लागि सार्वजनिक सुचना जारी भई मिति २०७४/०५/०१ गतेदेखी नै नविल बैंकले काउन्टर सेवा उपलब्ध गराइरहेको, एटिएम सेवा पनि दिइरहेको र महानगरबाटै निकासा हुने कर्मचारीको तलब भत्ता सोही समयदेखि नबिल बैंकमै तलबी खाता खोलेर कर्मचारीहरुको तलब–भत्ता निकासा हुँदै आइरहेको छ। कर्मचारी संयन्त्रले महानगर सञ्चालन गरिरहेकै बेला देखि सञ्चालनमा आई कार्यालयले निरन्तरता दिंदै आएको छ। विगतमा शिक्षकहरुको तलब सम्बन्धित विद्यालयमा पठाएर विद्यालयले शिक्षकलाई उपलब्ध गराउने गरेको थियो। शिक्षकहरुकै हितका लागि अहिले महानगरपालिकाले शिक्षकहरुको खातामा सोझै तलबभत्ता निकासा गर्ने तयारी थालेर सोही बैंकमा खाता खोल्न भनेको विषयलाई अनर्गल र कपोकल्पित ढंगले प्रस्तुत गरी हुँदै नभएको विषयलाई जोडेर त्यस संचार माध्यमले नागरिकमा भ्रम छर्ने कुत्सित मनसाय राखेर मनगढन्ते सामग्री प्रकाशित गरेको छ।

मेयरको छोरा के कुनै बैंकमा काम गर्नै नपाउने हो ? वा काम गर्न नहुने हो ? अनि महानगरले शिक्षक तथा कर्मचारीलाई सहज हुने गरी काम नगरिदिन पर्ने थियो ? वा के हो ? कि निर्णय प्रकृयामा सञ्चार संस्थालाई संलग्न गराउन पर्ने वा प्रकाशकज्यूलाई सोधेर निर्णय गर्नुपर्ने हो ?

शिक्षक दरबन्दीमा कोसँग कसले कति लिएको भन्ने कुरा तथ्य प्रमाण देखाउनु पर्ने होला कि ? कि सोझै अख्तियार र न्यायाधिश झै फैसला सुनाइदिने–लेखिदिने ? शिक्षक महासंघले गरेको पत्रकार सम्मेलनको समाचार भनेर लेखिएको उक्त समाचारमा पत्रकार सम्मेलनमा बोल्दै नबोलेको विषयलाई सरोकार नै नरहेका मेयरको श्रीमती र भतिजाको नाम जोडेर समाचारको रुपमा काल्पनिक सामग्री प्रकाशन हुनुले पत्रकारिता माथिको विश्वास कुण्ठित हुँदै गएको आभाष हुन पुगेको छ । समाचार सत्य, तथ्य र निष्पक्षमा आधारित रहेर प्रकाशित हुनु पर्छ । कसैलाई आछेप लगाउन, कसैको चरित्र हत्या गर्न अनर्गल र भ्रामक कुराहरु राखि किन प्रकाशित गरियो ? यो पत्रकारिताको कुन नैतिकतामा पर्छ ? कुनै पनि संचार माध्यम वा संचारकर्मीले आफूलाई मन परेन भन्दैमा कोही कसैको बारेमा बन्द कोठामा कल्पना गरेका कुनै पनि विषयबस्तु समाचार बन्न सक्छ ? समाचार त सत्य र तथ्यमा रहेर प्रकाशित हुनु पर्ने हो । महानगरपालिका र यसका प्रमुखमाथि बदनियत राखि गलत मनसायले प्रमुखज्यू र उहाँको परिवारका सदस्यको नाम र फोटो सम्बन्धितको सहमति बिना उल्लेख गरि बदनाम गर्ने मनसायले साथै सम्बन्धित पक्षको भनाइ समेतलाई स्थान नदिई बन्द कोठामा बसेर कपोकल्पित झुटा समाचार बदनियतपूर्ण तरिकाले सम्प्रेषण गरी आम पाठकवर्गलाई गुमराहमा राख्ने मनसायले बनावटी कुरा उल्लेख गरिएकाले उक्त समाचारको खण्डन गर्दछु ।

पत्रकारीताको खोल ओढेर व्यक्तिगत रिसईवी राखी अनलाईन पोर्टल (www.birgunjcity.com) र व्यक्तिगत फेसबुक पोष्टमा समेत महानगरमा कुनै संलग्नता नै नराख्ने महानगर प्रमुखका छोरा, श्रीमती र भतिजाको फोटो राखि बदनाम गर्ने मनसायले समाचार प्रकाशित गर्नु निजको व्यक्तिगत रिसईवी स्पष्ट छ । केही ब्यक्तिका कारण पत्रकारिता जगत झन्झन् बदनाम हुँदै गएको बिषय प्रति सचेत हुनु पर्ने आजको आवश्यकता हो । पत्रकार आचारसंहिता, २०७३ को प्रस्तावना विचार र अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, प्रेस स्वतन्त्रता लगायत नागरिकका आधारभूत अधिकारको संरक्षण, संवद्र्धन र प्रचलनका लागि पत्रकारिताका सिद्धान्त, अन्तर्राष्ट्रिय मूल्य–मान्यताका आधारमा पत्रकारिताको व्यावसायिक अभ्यासलाई उच्च पेशागत, मर्यादित, जवाफदेही एवं उत्तरदायी बनाउनु पर्नेमा जोड दिएको छ । त्यस्तै समग्र आचारसहिंताले पत्रकार तथा सञ्चारमाध्यमले वस्तुनिष्ठ, स्वच्छ, मर्यादित र विश्वसनीय पत्रकारिता गर्नुपर्ने र पत्रकार तथा सञ्चारमाध्यमले सूचना वा जानकारीको संकलन र संप्रेषण सभ्य र शिष्ट रूपमा गर्नुपर्दछ भनि स्पष्ट ब्यवस्था गरेको छ । तर यो व्यवस्था विपरित अनाधिकृत रुपमा अनलाइन संचार माध्यम र समाजिक संजालमा अनुमति विना फोटो राखि बदनियत ढंगले गलत मनसाय राखी सोलाई पुष्टि गर्ने आधार कारण नखुलाई एकतर्फि रुपमा समाचार सम्प्रेषण गरिनु राज्यद्वारा निर्दिष्ट ऐन कानून प्रतिकुल छ । त्यसैले यो पत्रकारिताको नाममा पित् पत्रकारिता भएकाले विना आधार, विना तथ्य चरित्र हत्या हुने गरि प्रकाशित यो समाचारको खण्डन गर्न चाहन्छु । यसै पत्रिकामा हुँदै नभएको तथ्यहिन, काल्पनिक विषयवस्तु प्रकाशित भएको भन्ने भूलसहित खण्डन प्रकाशित गर्न आग्रह गर्दछु ।

**बोद्यार्थ**

१) प्रेस काउन्सिल नेपाल (कारबाहीका लागि)

निवेदक
सत्यराज घिमिरे
प्रमुख ज्यूको स्वकीय सचिव
वीरगंज महानगरपालिका